**मिति २०८२।०८।१५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को छैटौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** यस नगरपालिकाको डिजिटल नगर प्रोफाईल तयार गर्ने कार्य देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- आगामी नगर सभाबाट बजेट व्यवस्था गरी भुक्तानी गर्ने गरी प्रक्रिया अगाडी बढाउने ।
- उक्त नगर प्रोफाईल निर्माणको लागि तथ्याङ्क संकलनको कार्य गर्न प्रत्येक वडामा २/३ जना गणक कार्यालयले छनोट गरी तथ्याङ्क संकल्नको कार्य गराउने र तथ्याङ्क संकल्न गर्ने व्यक्तिलाई वडा नं. ३,१४ र १८ को ग्रामिण क्षेत्रको लागि प्रति घरधुरी रु.८५ र अन्य क्षेत्रको लागि प्रति घरधुरी रु.७५ का दरले पारिश्रमिक उपलब्ध गराउने ।
- तथ्याङ्क संकलन बाहेकको अन्य सम्पूर्ण प्राविधिक कार्य परामर्श सेवा खरिद गरी गराउने ।
- डिजिटल नगर प्रोफाईल निर्माणको प्राविधिक कार्यको कार्यनिर्देश शर्त (TOR) र लागत अनुमान स्वीकृत गर्ने ।

**निर्णय नं. २** नगर कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,उक्त कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौताबमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | Upgrading(Blacktopping) of different Roads at Gaindakot municipality ward no.1,4& 6 Nawalpur (East) | 13/GM/NCB/2080-081 | Indrashree Nirman sewa Pvt. Ltd.,Baneshwor-10 kathmandu | 10 th Ashar 2082 | 29th Fagun2082 |
| 2 | Upgrading(Blacktopping) of different Roads at Gaindakot municipality ward no.1,4,5,6,8,9 &17 Nawalpur (East) | 12/GM/NCB/2080-081 | Manakamana Contractor's and Builders Pvt. Ltd. Bharatpur-10 chitwan | 10th Push 2082 | 29th Fagun 2082 |

**निर्णय नं. ३** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलका निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने, साथै सम्बन्धित वडाहरुसंग आवश्यक समन्वय गरी,वडा समितिको सिफारिस र तोकिएका स्थानहरुको स्थानीयबासीको समेत सहमति गरी चालू आ.व.मा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दररेट बमोजिमको राजश्व यस नगरपालिकाको खातामा दाखिला गरी देहाय बमोजिमका जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन गर्न अनुमति दिने साथै उक्त कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन समेत गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

तपशिलः

| क्र.सं. | स्थान र क्षेत्रफल | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ६ ( कि. नं. ७३१) क्षेत्रफल २-९-... बाट १३१८.७३ घनमिटर ढुंगा | रीमलाल आलेमगर | गैंडाकोट-१८ |
| २ | साविक कोटथर ६ हाल गैंडाकोट-१४,भागर ( कि. नं. १०२६,९६३,९६४,६११ र ११५६) क्षेत्रफल ३५३६१.३४ जग्गा बाट १०६०८.४० घनमिटर डेब्रिज मेटेरियल्स माटो, ढुंगा, मिस्कट आदी | मिग फार्मिङ्ग एण्ड फर्म ललितपुर महानगरपालिका वडा नं. १५, खुमलटार, ललितपुर | गैंडाकोट-१४,भागर |
| ३ | साविक बेल्डिहा २ घ ( कि.नं. १७५, १७४ ) क्षेत्रफल ४५०८.०३ जग्गाबाट १३३९८ घनमिटर माटो | घन बहादुर पुलामी र तुलीमाया पुलामी | गैंडाकोट-३ |
| ४ | साविक कोटथर-६ ( कि.नं. १७५, १७४ ) क्षेत्रफल १३३१.४६ जग्गाबाट ३३२.८६५ घनमिटर ढुंगा | लाल बहादुर बाँचेमगर | गैंडाकोट-१८ |
| ५ | साविक कोटथर-६ ( कि.नं. १९६ ) क्षेत्रफल ७-२-१-१ जग्गाबाट १२५० घनमिटर ढुंगा | मनमाया चितौरे मगर | गैंडाकोट-१८ |
| ६ | साविक कोटथर-५ ( कि.नं. ३०२, ३०४ ) क्षेत्रफल ६१२२.१२ जग्गाबाट ३०६१.३६ घनमिटर ढुंगा,गिर्खा माटो | लाल बहादुर चितौरे मगर | गैंडाकोट-१८ |
| ७ | साविक कोटथर-५ ( कि.नं. ९७, १६९) क्षेत्रफल ६२४१.९६५ जग्गाबाट २८०८ घनमिटर ढुंगा | खड्ग बहादुर चितौरे मगर | गैंडाकोट-१८ |
| ८ | साविक कोटथर-६ ( कि.नं. २५५,२५६,२५७ र २५८) क्षेत्रफल १०६७८.५०४ जग्गाबाट ४२७१.७८ घनमिटर ढुंगा | भागीसरा आले मगर | गैंडाकोट-१८ |
| ९ | साविक कोटथर-६ ( कि.नं. २९२) क्षेत्रफल ६३५५.२३९ जग्गाबाट २०० घनमिटर ढुंगा | कर्ण माया सारु मगर | गैंडाकोट-१८ |
| १० | साविक कोटथर-६ ( कि.नं. ७३२) क्षेत्रफल १३३१.४६ जग्गाबाट ३३२.८६५ घनमिटर ढुंगा | लाल बहादुर बाँचे मगर | गैंडाकोट-१८ |
| ११ | साविक कोटथर-६ ( कि.नं. २०२) क्षेत्रफल ५४५१.०३८ जग्गाबाट २१८०.४१ घनमिटर ढुंगा | दल बहादुर माकिम मगर | गैंडाकोट-१८ |

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका भित्र कार्यक्षेत्र रहेका विभिन्न संघ,संस्था एवं सम्बन्धित वडाको समेत सिफारिस भई रकम माग भएकोले तत्कालको आवश्यकता र औचित्यको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

1. कालिका नमुना मा.वि. गैंडाकोट-८ लाई स्वर्ण महोत्सवको लागि रु. १२ लाख
2. जनक नमुना मा.वि. गैंडाकोट-५ लाई कार्यशाला सञ्चालनको लागि रु. १ लाख

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन राज अधिकारी
नगर प्रमुख